(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्नेछैन ।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफै गर्नुपर्नेछ ।

**९०. दस्तुर उल्लेख गर्ने:**

(१) नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम, थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरेवापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको व्यहोरा जनाई नक्कल प्रमाणित गर्नुपर्नेछ ।

**९१. दस्तुर चुक्ता नभई नक्कल नदिइने:**

सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउनेछैन ।

**९२. प्रचलित कानून बमोजिम हुने:**

यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरीसँग सम्बन्धित प्रचलित कानूनमा कुनै कुरा लेखिएको भए सोमा लेखिए जतिको हकमा सोहि बमोजिम हुनेछ ।

**९३. दाबि फिर्ता लिने तथा मिलापत्र गर्ने:**

समितिमा दायर भएको जुनसुकै बिबादमा निबेदकले लिएको दाबि प्रमाणित गर्न सक्दिन भनि न्यायिक समिति समक्ष निर्णय नहुँदै बादीको निबेदन परेमा वा पक्षहरू मेल मिलाप गर्न आएमा जुनसुकै बखत मुद्दा फिर्ताको आदेश गरि तथा मिलापत्र गराई निबेदनको लगत कट्टा गरिने छ.

**९४. मुद्दा मुलतबि राख्ने:**

न्यायिक समिति समक्ष परेको बिबादमा पक्षको निबेदन वा अन्य कुनै कारणबाट तत्काल ईन्साफ गर्न नमिल्ने देखिएमा पछि मुलतबि जगाई कारबाहि अगाडी बढाउन सकिने गरि मुद्दा मुलतबि राख्न सकिने छ ।



**९५. मुद्दा डिसमिस वा तामेलीमा राख्ने:**

मुद्दाको बादी पक्षले वा दुबै पक्षले तारिख गुजारेमा थाम्ने थमाउने म्याद पछि मुद्दा डिसमिस वा तामेलीमा राखिने छ ।

**९६. मुद्दा खारेज हुने:**

न्यायिक समितिमा दर्ता मुद्दा हकदैया, हदम्याद र क्षेत्राधिकार विहिन देखिएमा मुद्दा खारेज हुने छ ।

**९७: पुनराबेदन गर्ने:**

न्यायिक समितिले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७(१) बमोजिमको बिबादमा गरेको निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनराबेदन लाग्नेछ । तर सुरु म्यादै गुजारी बस्ने प्रतिबादीको हकमा पुनराबेदन म्याद दिईने छैन ।

**९८. लिखत धुल्याउने:**

मुद्दा अन्तिम निर्णय भएको मितिले तायदाती फारम बमोजिम लिखत धुल्याउनु पर्नेछ ।

**९९. नियम बनाउने अधिकार:**

समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची-४
**(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**

**तारिख पर्चाको नमुना**

**बूढानिलकण्ठ नगरपालिका न्यायिक समितिबाट जारी भएको**

**तारेख पर्चा**

वादी ................. प्रतिवादी ...................

मुद्दा .........................

मिति..........................

मिति ............ मा .......................................... काम भएकोले सोही दिन ........... बजे यस न्यायिक समितिमा उपस्थित हुनुहोला ।

(फाँटवालाको दस्तखत)



## अनुसूची-५
**(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)**

**प्रतिवादको ढाँचा**

**बूढानिलकण्ठ नगरपालिका न्यायिक समिति समक्ष पेश गरेको**

**लिखित जबाफ/प्रतिउत्तर पत्र**

............... को नाति/नातिनी............. को छोरा/छोरी, जिल्ला ............, गा.पा/न.पा. वडा नं... बस्ने बर्ष ....को .......... ....(मो.नं.................) पक्ष/प्रतिबादी

विरुद्ध

............... को नाति/नातिनी............ को छोरा/छोरी, जिल्ला ।.........., गा.पा/न.पा. वडा नं.. बस्ने बर्ष ....को .......... ....(मो.नं.................) बिपक्षी/फिरादी

मुद्दाः

म निम्न बुँदाहरूमा लेखिए वमोजिम प्रतिउत्तर गर्दछु

१. म्याद तामेल सम्बन्धी व्यहोरा । यो लिखित जवाफ म्यादभित्रै लिई म आफैं उपस्थित भएको छु ।

२. क्षेत्राधिकार सम्बन्धि कुरा, बादीको हकदैया भए नभएको र हदम्याद रहे नरहेको ।

३. बादीको दाबि नपुग्ने आधार,कारण,प्रमाण र उपचार पाउने कानूनी आधार र ऐन दफा ।

४ यसमा निम्न साक्षी प्रमाण झिकि बुझ पाउँ ।

क)

ख)

५ यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

प्रतिउत्तर वाला

इतिसम्बत् ..... साल ...........महिना ........ गते .......... रोज शुभम् ।

## अनुसूची-९

### (दफा ५३ को उपदफा (२) सँग सम्बन्धित
### मिलापत्रको लागि निवेदनको ढाँचा
### बूढानीलकण्ठ नगरपालिका न्यायिक समितिसमक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदनपत्र

.................................. वस्ने .......................................... निवेदक/वादी

विरुद्ध

.................................. वस्ने .......................................... निवेदक/वादी

मुद्दाः

हामी निवेदक निबेदन बापत रू............. साथै राखि निम्न लिखित निवेदन गर्दछौः

१. ......................................................... भनि निवेदकको निवेदन परेको ।

२. ............................................ पाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।

३. यसरी हामी बादी प्रतिबादी झगडा गरि आया तापनी बूढानीलकण्ठ नगरपालिकाको न्यायिक समिति मार्फत वडा नं. ....... अन्तर्गतको .............................. मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता ................ को पहलमा अब उप्रान्त झगडा नगरौं भनि एक आपसमा छलफल गरी मिली आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी ................. गरी पाउँ भन्ने निवेदन दावी छोडि ............................................ गरि मिलापत्र गर्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ४७ (२) वमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौं, लेखिए वमोजिम मिलापत्र गरी पाउँ ।

४. यसमा लेखिएका व्यहोरा ठिक साँचो छन्, झुठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

निवेदकहरू

बादीः–

प्रतिबादीः

इतिसंवत् .......... साल .............. महिना ...... गते .... रोज शुभम् ।



## अनुसूची-१०

### (दफा ५३ को उपदफा (५) सँग सम्बन्धित)
### मिलापत्रको ढाँचा

लिखितम् हामी तपशिलका मानिसहरू आगे यस बूढानीलकण्ठ नगरपालिका न्यायिक समिति समक्ष परेको ............... मुद्दामा ................................................. भनि निवेदकको निवेदन परेको ।

.................................. पाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ/प्रतिउत्तर परेको । यसरी हामी बादी प्रतिबादी झगडा गरि आयौं तापनी बूढानीलकण्ठ नगरपालिकाको न्यायिक समिति मार्फत वडा नं. ... अन्तर्गतको .......................... मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता ...............को पहलमा अब उप्रान्त झगडा नगरौं भनि एक आपसमा छलफल गरी मिली आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी ................ गरी पाउँ भन्ने निवेदन दावी छोडि .......................................... गरि मिलापत्र गर्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ४७ (२) वमोजिम यो मिलापत्रको कागज लेखि बूढानीलकण्ठ नगरपालिका न्यायिक समिति समक्ष चढायौं ।

निवेदकहरू

बादीः–

प्रतिबादीः–

ईतिसम्बत २०...... साल ........ महिना .... गते रोज .... शुभम्.................

